# जिल्ला विकास समिति

# कैलाली

# आ.व. २०७१/०७२ को

# लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण प्रतिवेदन





तयार पार्ने

उमेश अधिकारी/विष्णु हरि वाग्ले

एकाउन्टविलिटी इनिसियटिभ ( यकिन)

बबरमहल, काठमाडौं


कार्तिक , २०७२

# कार्यकारी सारांश

जिल्ला विकास समिति कैलालीले  परामर्शदाताको सहजीकरणमा  आ व २०७१/७२ मा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी क्षेत्रमा गरेको लगानीको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ। लैङ्गिक उत्तर दायित्व तथा सामाजिक समावेशी बजेट परीक्षण निर्देशिका २०६८ ले व्यवस्था गरेको बजेट तर्जुमा एवं परीक्षण विधीहरु अनुसुचि ३ र ४ मा राखिएका छन।

जिविसका पदाधिकारीहरू र कर्मचारीहरूको उपस्थितिमा संचालित कार्यशाला गोष्ठिमा  गरिएको छलफलको आधारमा तोकिए अनुसारका सूचकहरुमा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा नभएमा ० अंकहरू प्रदान गरिएको छ। प्राप्त अंकहरूलाई क्षेत्रगत आधारमा माकुरीजालोको चित्र (Spider Diagram) बनाई सहभागीहरू माझ उक्त नमुना चित्र प्रस्तुत गरिएको थियो। सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा जिविसलाई एक आदर्श निकायको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकीकृत कार्य योजना बनाई अगाडि बढाउन यो लैङ्गिक तथा सामाजिक समावेशी संवेदनशील संस्थागत लेखाजोखाले मद्दत पुऱ्याउनेछ।

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षणबाट आएका प्रमुख निष्कर्ष यस प्रकार रहेका छन्।

- महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीता बढाउन निश्चित छ रणनीति नरहेको तर आवधिक योजना तथा वार्षिक योजनामा रणनीति तथा कार्यनीति भएको।
- कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गरिएको छैन।
- हरेक वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवैजसो कृयाकलापहरू सम्पन्न गरेको र योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार नपारिएको।
- जिविसले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति नबनाइएको।
- सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत नभएको
- जिविसले सूचना तथा अभिलेख लाई व्यवस्थित गरी  केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरिएको।
- जिविसमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय श्रोत भएपनि श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख नराखिएको।
- वैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने नगरिएको
- लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार नगरिएको
- महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका प्रतिवद्धताहरूका बारेमा जिविसका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी भएको तर सोको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन नगरिएको।

# विषय सूची

**१ परिचय** **१**

१.१ पृष्ठभुमि १

१.२ उद्देश्य २

१.३ औचित्यता २

१.४ लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण विधि तथा प्रकृया ३

१.४.१ तयारी चरण ३

१.४.२ कार्यशाला गोष्ठी ३

१.४.३ प्रतिवेदन चरण ३

**२. लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण तथा विश्लेषण** **४**

२.१ आ. व. २०७१/०७२ को लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण सूचक अंक तालिका ४

२.२ माकुरी जालोको चित्रद्वारा प्रस्तुति १३

२.३ लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तिहरू १३

२.४ सवल तथा सुधार गर्नुपर्ने पक्षहरु १६

**३ लैंगिक तथा सामाजिक समावेशी विकास कार्ययोजना** **२५**

**४. अनुसूचीहरु** **२९**

अनुसूची १ : जात जातिका खण्डीकृत तथ्यांक २९

अनुसुची २ बिषयगत कार्यलयहरुको लैंगिक तथा सामाजिक समावेशी खण्डीकृत तथ्यांकहरु २९

अनुसुची ३ : लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्था ३४

अनुसूची ३ : लैंगिक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा विधि ३७

अनुसुची ४ : कार्यशाला गोष्ठिका तस्वीरहरु ४८

# १ परिचय

## १.१ पृष्ठभुमि

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत सेती अञ्चलमा रहेको कैलाली जिल्ला नेपालको तराइ क्षेत्रको दक्षिण पश्चिम भागमा अवस्थित छ । कुल ३२३५ व.कि.मि. क्षेत्रफल रहेको यस जिल्लाको करिब ६० प्रतिशत भूमि तराई तथा होचोभूमि र करिब ४० प्रतिशत भूभाग चुरे पर्वत श्रृङ्खला अन्तर्गतको पहाडी भूभागमा पर्दछ ।

जिल्लाको नामकरणको सन्दर्भमा उहिले राणाहरूको पालामा विभिन्न वस्तुहरूको निकासी पैठारीवाट महसुल असूल गर्ने चारवटा नाका रहेको र ती नाकाहरूलाई वजार अड्डा भन्ने गरिन्थ्यो । ती चार वजार अड्डामा सत्ती बजार अड्डा, भजनी बजार अड्डा, कैलाली बजार अड्डा र धनगढी बजार अड्डा थिए । अर्को एक स्थानीय भनाइअनुसार हाल बसौटी गाविसस्थित तत्कालीन समयको “कैलारी” गाउँको नाम पछि अपभ्रंस हुँदै “कैलाली” भएको र सोही कैलाली गाउँको नामबाट हालको कैलाली जिल्ला नामकरण भएको हो ।

वि.सं. २०६८ को राष्ट्रिय जनगणना दिन (जुन २२) को जिल्लाको कुल जनसंख्या ७,७५,७०९ रहेको छ । यो सोही समयको नेपालको कुल जनसंख्याको २.९३ प्रतिशत जनसंख्या हो । यसरी जिल्लामा नेपालको कुल जनसंख्याको करिब ३ प्रतिशत जनसंख्या बसोबास गर्ने गरेको देखिन्छ । अघिल्लो जनगणना २०५८ को तुलनामा यस अवधिमा २.२९ प्रतिशतका दरले जनसंख्या वृद्धि भई अघिल्लो जनगणनाका तुलनामा कुल १,५९,०१२ जनसंख्या वृद्धि भएको देखिन्छ । यस तथ्यांकका आधारमा जिल्लामा सरदर वार्षिक १५९०१ जना र दैनिक करिब ४४ जनाका दरले जनसंख्या वृद्धि भएको देखिन्छ । जिल्लामा वि.सं. २०६८ को जनसंख्यामा दलित जनसंख्याको हिस्सा करिब १४ प्रतिशत र जनजाति जनसंख्याको हिस्सा ४६ प्रतिशतभन्दा बढी रहेको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

नेपालको संविधान मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गत महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय र पिछडिएका क्षेत्र लगायतले भोग्नु परेका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने प्रावधान राखिएको छ । राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, पिछडावर्ग, मजदूर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएको समुदाय तथा क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको छ । नेपालको समग्र विकास कार्यलाई नीतिगत मार्गदर्शन गर्ने त्रिवर्षीय योजना यस्ता नीति कार्यान्वयन गर्न बार्षिक रुपमा जारी हुने नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, बजेट वक्तव्यहरू र विभिन्न कानूनी दस्तावेजहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकता दिइएको छ ।

देशको प्रचलित संविधान तथा कानूनहरू, राष्ट्रको दीर्घकालीन र अल्पकालीन योजनाले निर्दिष्ट गरेका लैङ्गिक तथा समावेशी नीतिहरू कार्यान्वयन गर्न जिविसहरूको ठूलो भूमिका रहेको छ । जिविसहरू राष्ट्रको शासन व्यवस्थामा जनताको सबभन्दा नजिकमा रहेर काम गर्ने विकेन्द्रित स्वायत्त संरचनाहरू हुन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ का सिद्धान्त एवम् नीतिहरूले जवाफदेहिता, पारदर्शिता, प्रजातान्त्रिक प्रक्रिया तथा नागरिक समाजको सबलता जस्ता सुशासनका आधारभूत पक्षमा जोड दिएका छन् । ऐनले जिविसलाई सबल तुल्याएको छ र स्थानीय विकासका क्रियाकलापहरू प्रति जिम्मेवार र उत्तरदायी

बनाएको छ । यिनको प्रमुख सरोकारको क्षेत्र भनेको गाउँ, नगर तथा जिल्लाको समग्र विकासमा टेवा पुऱ्याई समुन्नत राष्ट्र निर्माणको लागि महत्वपूर्ण भूमिका खेल्नु हो । विकेन्द्रित योजना प्रक्रिया अनुरुप जिविस (जिविस, नगरपालिका तथा गाविस) को योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक समता, सशक्तिकरण र मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण प्रक्रियाका विभिन्न चरणहरूमा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन् । गाउँ तथा नगरमा बसोबास गर्ने आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडिएको समुदाय, विभिन्न कारणले पछाडी परेको समूह तथा अन्य समुदाय समेतका महिला, पुरुष, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक र बालबालिकाको आवश्यकतालाई विश्लेषण गरी सम्बोधन गर्न जिविसले लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशी व्यवस्थालाई संस्थागत गर्दै लैजानु पर्ने हुन्छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशी कायम गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३, १११ र १९५ अनुसार जिविसले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला, सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका विपन्न समुदाय र वालवालिकाका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिनु पर्ने व्यवस्था छ ।

## १.२ उद्देश्य

यस कार्यको मुख्य उद्देश्य जिविस कैलालीको लैंससास अवस्था लेखाजोखा एवं विश्लेषण गर्नु हो । यसैमा आधारित रहदै अन्य निम्न उल्लेखित उद्देश्यहरू पनि रहेका छन् ।

- जिविसको आवधिक र वार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरण एवम् सामाजिक समावेशीकरणलाई संस्थागत गर्न,
- लैङ्गिक समानता तथा समावेशीकरणको लक्ष्यलाई जिविसको संरचना र कार्य योजनामा स्थान दिन,
- जिविसको श्रोत परिचालन, बजेट विनियोजन तथा खर्चलाई लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिले अनुगमन तथा मूल्याङ्कन गर्न,
- लैङ्गिक मूलप्रवाहीकरण एवं सामाजिक समावेशीकरणका प्रतिबद्धताहरूलाई लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षणद्वारा अनुगमन एवम् मूल्याङ्कन गरी सहस्राब्दी विकासका लक्ष्यहरूलाई टेवा पुऱ्याउन, र
- लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी सुशासन व्यवस्थालाई संस्थागत गर्न ।

## १.३ औचित्यता

लैङ्गिक समानता तथा सामाजिक समावेशी कायम गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३, १११ र १९५ अनुसार जिविसले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला, सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका विपन्न समुदाय र वालवालिकाका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिनु पर्ने व्यवस्था छ । जिविसको लागि जारी गरिएको सो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ ले प्रावधान गरेका नीतिगत व्यवस्थाहरूको कार्यान्वयनको अवस्थाको लेखा जोखा गरी सवल पक्षहरुलाइ आत्मासात गर्दै जाने र कमी कमजोरीहरुलाई सुधार गर्दै लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेटका सवालमा जिल्ला विकास समिति

कैलालीको अवस्थितीको वारेमा यथार्थ चित्रण गर्नका लागि यस प्रकारको परीक्षण कार्य सैदान्तिक र व्यवहारिक दुवै तवरले औचित्यपूर्ण रहेको छ ।

## १.४ लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण विधि तथा प्रकृया

आ व २०७१/७२ को लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी लेखापरीक्षणका लागि स्थानिय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ वमोजिम हुने गरी निम्न विधि तथा प्रक्रिया अपनाइएको थियो ।

### १.४.१ तयारी चरण

लै.स.सा.स. कार्यान्वयन समितिको वैठक मिती २०७२ कार्तिक १६ गते स्थानीय विकास अधिकारी श्री केसव प्रसाद विमली को अध्यक्षतामा वस्यो । उक्त बैठकले लैससास परीक्षणको लागी सहभागीहरू तोक्ने, लैससास कार्यशाला गोष्ठी मिति २०७२ कार्तिक २२ गते जिविस सभाहलमा संचालन गर्ने र उक्त कार्यमा सहजिकरण गर्नका लागि  एकाउन्टविलिटि इनिसियटिभ प्रा.लि.लाई जिम्मेवारि दिइएको थियो । जसअनुसार एकाउन्टविलिटि इनिसियटिभ प्रा.लि. का विज्ञहरूले जिविसको दस्तावेजहरू (जस्तै बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समीक्षाको प्रतिवेदन, विकास वुलेटिन, जिल्ला, नगर, र गाविस प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको तर्फबाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक प्रतिवेदन तयार पारिएको थियो । कार्यशाला गोष्ठीको लागि चाहिने सामाग्रीहरूको व्यवस्था जिविसबाट गरिएको थियो । यस चरण अन्तर्गत जिविसका कर्मचारिहरु संग प्रारम्भिक छलफल गरी लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८  अनुसार लैंगिक उत्तरदायी तथा समावेशी बजेट मापनका सूचकहरू किटान गरियो । लैंगिक उत्तरदायी तथा समावेशी बजेट कार्यशाला गोष्ठीको तयारीको लागि विभिन्न चरणमा वैठक बसी आवश्यक सन्दर्भ सामाग्री संकलन गरियो । साथै लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट विश्लेषणका सूचक तथा उपसूचक उपर छलफल गरी अंकभार समेत दिइयो ।

### १.४.२ कार्यशाला गोष्ठी

यस कार्यशाला गोष्ठी जिविस सभा कक्षमा  मिति २०७२/०७/२३ गते सम्पन्न गरिएको थियो । उक्त गोष्ठिमा स्थानीय विकास अधिकारी, योजना अधिकृत, सामाजिक विकास अधिकृत साथै सम्पूर्ण शाखाका कर्मचारीहरूको, राजनैतिक दलका प्रतिनिधीहरु र समन्वय समिति अध्यक्षहरुको  उपस्थित रहेको थियो । यस गोष्ठीका प्रारम्भमा लैंगिक उत्तरदायी तथा सामाजिक समाजेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ को प्रावधानका सम्बन्धमा छोटो प्रस्तुतीकरण गरिएको थियो । त्यस पश्चात् सम्पूर्ण सूचक र उपसूचकहरूमा छलफल  गरी  स्वमुल्यांकनका आधारमा नतिजा तयार गरियो ।

### १.४.३ प्रतिवेदन चरण

कार्यशालाबाट आएको नतिजाा तथा अन्य विषयवस्तुहरूलाई समेटेर मस्यौदा प्रतिवेदन तयार गरी कार्यशाला गोष्ठीमा छलफल गरियो । छलफल पश्चात् प्रतिवेदनलाई पूर्ण रूप दिइयो ।

## २. लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण तथा विश्लेषण

## २.१ आ. व. २०७१/०७२ को लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण सूचक अंक तालिका

जिविसको सामाजिक उत्तरदायित्व तथा सामाजिक समावेशिकरणका क्षेत्रमा लगाव, लगानि एवम् भावी सोंच तथा दृष्टीकोणको मौजुद अवस्थाको लेखाजोखा गर्ने कानुनी प्रावधान अनुसार परीक्षण कार्य सम्पन्न भयो । स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण, लक्षित कार्यक्रमहरु, लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा कार्यन्वयन, अनुगमन तथा मूल्यांकन, आन्तरिक संरचना, सुशासन, मानव संसाधन र सम्बन्ध विस्तार र नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूका कार्यन्वयन गरी कुल ८ क्षेत्रमा जिविसले आर्थिक वर्ष २०७१/७२ मा गरेका क्रियाकलाप एवं गतिविधिको लेखा जोखा गर्दा कूल ६६.५ अंक प्राप्त गरेको छ । क्षेत्रगत सुचकहरुको आधारमा सवै भन्दा उच्च अंक सुशासनका क्षेत्रमा १०.५ प्राप्त गरेको छ भने मानव संसाधन र सम्बन्ध विस्तार र लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सवै भन्दा कम अंक ६ अंक मात्र प्राप्त गर्न सकेको छ । मुल्यांकन तालिका ६ मा विस्तृत विवरण संलग्न गरिएको छ ।

**तालिका १: लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण**

| | **सुचक तथा उप–सुचकहरू** | **अंक** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| **१** | **जिविसको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा)** | **१२** | **८** |
| **१.१** | जिविसको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा) | ४ | ३.५ |
| **क** | जिविसको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ /छैन ? | ०–१ | १ |
| **ख** | जिविसको उद्देश्यले महिला र पुरुष बीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको छ /छैन ? | ०–१ | १ |
| **ग** | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि जिविसको निश्चित कार्यनीति छ /छैन ? | ०–१ | १ |
| **घ** | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ /छैन ? | ०–१ | ०.५ |
| **१.२** | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | **४** | **२.५** |
| क | जिविसका कर्मचारीहरूको पद पूर्ति गर्दा सबै जातजाति, वर्ग लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको छ /छैन ? | ०–१ | १ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| ख | जिविसमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ /छैन (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०–१ | १ |
| ग | जिविसको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतिनिधित्व रहेको छ/छैन | ०–१ | ० |
| घ | महिला तथा पुरुष कर्मचारीहरूको संख्यामा समानता छ /छैन। (जिविसले नियुक्ति गर्नेको हकमा मात्र लागू हुने) | ०–१ | ०.५ |
| १.३ | लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली | ४ | २ |
| क | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ /छैन (गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने ) | ०–१ | ०.५ |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ /छैन | ०–१ | ०.५ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गरिएको छ /छैन | ०–१ | ० |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइको व्यवस्था छ /छैन | ०–१ | १ |
| २. | जिविसको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण | १२ | १० |
| २.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट | ४ | ३.५ |
| क | जिविसका पदाधिकारी/कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन्। | ०–१ | १ |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था थियो वा थिएन (पर्याप्त रकम भन्नाले सवै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिव र सामाजिक परिचालकहरू सम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | ०–१ | १ |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन ? | ०–१ | ० |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | ०–१ | ०.५ |
| २.२ | क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता | ४ | ३.५ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता छ ? | ०–१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरूलाई तालिमको व्यवस्था छ ? | ०–१ | १ |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट | ०–१ | ०.५ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| | लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरूलाई समान रुपमा सहभागी गराईन्छ ? (गाविस स्तरसम्म) | | |
| घ | क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ ? | ०–१ | १ |
| २.३ | जिविसको क्षमता विकास कार्ययोजना | ४ | ३ |
| क | जिविसको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०–१ | १ |
| ख | के जिविसको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०–१ | १ |
| ग | के जिविसका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| घ | उक्त परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| ३ | लक्षित कार्यक्रम | १२ | १० |
| ३.१ | कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता | ४ | ३.५ |
| क | के जिविसले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत नेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०–१ | १ |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ ? विपन्नता स्तरीकरण भएको छ ? (दुवै भए (१) र एक मात्र भएमा (०.५) चिन्ह दिने । | ०–१ | ०.५ |
| ग | के जिविसको योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | ०–१ | १ |
| घ | के जिविसको योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ ? | ०–१ | १ |
| ३.२ | महिला उत्थानका लागि कार्यक्रमहरू | ४ | २.५ |
| क | महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तो:सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरू राख्ने) | ०–१ | ०.५ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| ख | महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तोः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | ०–१ | ०.५ |
| ग | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तोः कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | १ |
| घ | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालिनबाट लाभान्वित भएको छन् ? (जस्तोः कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | ०.५ |
| ३.३ | स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू | ४ | ४ |
| क | जिविसको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागितामा तय गर्ने गरेको छ | ०–१ | १ |
| ख | जिविसको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने गरिएको छ ? | ०–१ | १ |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? | ०–१ | १ |
| घ | जिविसको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएका छन ? | ०–१ | १ |
| ४ | लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन | १२ | ६ |
| ४.१ | योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास | ४ | २ |
| क | के जिविसले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डीकृत तथ्यांङ्को समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | ०–१ | ० |
| ख | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | ०–१ | १ |
| ग | के जिविसले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरिन्छ ? | ०–१ | ० |
| घ | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरू सम्पन्न भए ? | ०–१ | १ |
| ४.२ | योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | ४ | ३ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| क | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरूको सक्रिय सहभागितमा गर्ने गरिएको छ ? | ०–१ | १ |
| ख | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०–१ | ०.५ |
| ग | उपभोक्ता समितिलेगर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ ? लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेको छ ? | ०–१ | १ |
| घ | के जिविसले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ४.३ | अनुगमन र मूल्याङ्कन | ४ | १ |
| क | के जिविसको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | ०–१ | ० |
| ख | के जिविसमा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | ० |
| ग | के जिविसमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | ०–१ | ० |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | १ |
| ५ | आन्तरिक संरचना | १२ | ८.५ |
| ५.१ | जिविसमा महिला तथा लक्षित समुहको सहभागिता | ४ | ३ |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | १ |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | १ |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तजुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ०.५ |
| घ | के जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ०.५ |
| ५.२ | वित्त तथा लेखा व्यवस्थापन | ४ | २.५ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०–१ | ०.५ |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०–१ | १ |
| ग | लैङ्गिक डेस्कको विकासको लागि बजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०–१ | ० |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०–१ | १ |
| ५.३ | जिविसमा गठित समिति | ४ | ३ |
| क | के जिविस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०–१ | ०.५ |
| ख | जिल्ला स्रोत अनुमान समिति, गाउँ विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०–१ | १ |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी जिविसको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०–१ | १ |
| घ | जिविसको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०–१ | ०.५ |
| ६ | सुशासन | १२ | १०.५ |
| ६.१ | पारदर्शिता/ जफावदेहिता | ४ | ३.५ |
| क | के जिविसले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०–१ | १ |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०–१ | १ |
| ग | के जिविसको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | ०–१ | १ |
| घ | के जिविसले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरिता ढंगबाट दिने गरेको छ ? | ०–१ | ०.५ |
| ६.२ | सुचना व्यवस्थापन | ४ | ४ |
| क | के जिविसले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०–१ | १ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| ख | के जिविसको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०–१ | १ |
| ग | के जिविसले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छ ? | ०–१ | १ |
| घ | के जिविसमा खण्डीकृत तथ्यांकलाई कम्प्यूटरकृत गरिएको छ ? | ०–१ | १ |
| ६.३ | सुचना शिक्षा र संचार | ४ | ३ |
| क | के जिविसले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०–१ | १ |
| ख | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको जिविसको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको छ ? | ०–१ | ०.५ |
| घ | के जिविसले स्थानीय पत्रकारहरूद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? | ०–१ | १ |
| ७ | मानव संशाधन, सम्बन्ध विस्तार | १२ | ६ |
| ७.१ | मानव संसाधन व्यवस्थापन | ४ | १.५ |
| क | जिविसमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | ०–१ | ०.५ |
| ख | जिविसमा मानव संसाधन विकास केन्द्र र इकाइ छ ? | ०–१ | १ |
| ग | जिविसले बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरका छन ? | ०–१ | ० |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख छ ? | ०–१ | ० |
| ७.२ | सम्बन्ध विस्तार | ४ | २ |
| क | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ ? | ०–१ | १ |
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरेको छ ? | ०–१ | ०.५ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| घ | जिविसका कर्मचारीहरूले आन्तरिक र वाह्य श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? | ०–१ | ० |
| ७.३ | व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति | ४ | २.५ |
| क | योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०–१ | १ |
| ख | ग्रमीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | ०–१ | ० |
| ग | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | ०–१ | ०.५ |
| घ | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०–१ | १ |
| ८ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | १२ | ७.५ |
| ८.१ | नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन | ४ | २.५ |
| क | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०–१ | ०.५ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ ? | ०–१ | १ |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा जिविसका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | ०–१ | ०.५ |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ ? | ०–१ | ०.५ |
| ८.२ | महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने | ४ | २ |
| क | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |
| ख | लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गरेको छ ? | ०–१ | ० |
| ग | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू जिविसहरूले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | ०–१ | ०.५ |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ ? | ०–१ | १ |
| ८.३ | नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन | ४ | ३ |

| | सुचक तथा उप–सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |
| ख | के जिविसबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरू संचालन गर्ने गरको छ ? | ०–१ | १ |
| ग | के जिविसबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरको छ ? | ०–१ | १ |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा जिविसको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरेको छ ? | ०–१ | ०.५ |
| | जम्मा | ९६ | ६६.५ |

**नोट** : ० = शुन्य, ०.५ = ठिक्कै, १ = राम्रो

जम्मा ८ वटा सुचकको ३/३ वटा उपसुचकका आधारमा मुल्याङ्कन गर्दा कुल ९६ अंकमा ६६.५ अंक प्राप्त गरेको थियो । ती सुचक अर्न्तगतका उपसुचकहरुका आधारमा प्रदान गरिएका अंकहरुलाई तालिका २ अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका २ : सुचक तथा उप–सुचकहरूको आधारमा प्राप्ताङ्क**

| क्र. सं. | उप–सुचकहरू | सूचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | १.१, १.२, १.३ | नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास | १२ | ८ |
| २ | २.१, २.२, २.३ | क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण | १२ | १० |
| ३ | ३.१, ३.२, ३.३ | लक्षित कार्यक्रम | १२ | १० |
| ४ | ४.१, ४.२, ४.३ | लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन | १२ | ६ |
| ५ | ५.१, ५.२, ५.३ | आन्तरिक संरचना | १२ | ८.५ |
| ६ | ६.१, ६.२, ६.३ | सुशासन | १२ | १०.५ |
| ७ | ७.१, ७.२, ७.३ | मानव संशाधन, सम्बन्ध विस्तार | १२ | ६ |
| ८ | ८.१,८.२, ८.३ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | १२ | ७.५ |
| | | जम्मा | **९६** | **६६.५** |

## २.२ माकुरी जालोको चित्रद्वारा प्रस्तुति

लेखाजोखा वाट प्राप्त क्षेत्रगत अंक विवरणलाई माकुरे जालो मार्फत पनि प्रस्तुत गरिएको छ । चित्रमा देखिए अनुसार नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ८, क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी  तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण र लक्षित कार्यक्रम मा १०, लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन,  अनुगमन र मूल्यांकन ६ , आन्तरिक संरचनामा ८.५, सुशासन १०.५ र मानव संसाधन विस्तारमा ६ र नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता कार्यान्वयन ७.५ अंक आएको छ । यसरी क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी  तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण, लक्षित कार्यक्रम र सुशासनमा राम्रो तथा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन,  अनुगमन र मूल्यांकन र मानव संशाधन, सम्बन्ध विस्तार कमजोर सुचकको रुपमा देखिएका छन् ।




**नोट : ० = शुन्य, ०.५ = ठिक्कै, १ = राम्रो**

## २.३ लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तिहरू

**(१)जिविसको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास**

(१.१) महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीता बढाउन निश्चित छुट्टै रणनीति नरह्को तर आवधिक योजना तथा वार्षिक योजनामा रणनीति तथा कार्यनीति भएको ।

(१.२) जिविसको निर्णायक तहमा (कर्मचारी /पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतिनिधित्व हुने छुट्टै कुनै व्यवस्था नगरेको ।

(१.३) महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिई बच्चालाई स्तनपान गराउने स्थान नभएको ।

**(२) जिविसको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण**

(२.१) जिविसका पदाधिकारी/कर्मचारीहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिमको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिएको ।

(२.२) उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता गराउने गरिएको छ ।

(२.३) जिविसको क्षमता विकास योजना तयार भएको उक्त योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था भएको ।

**(३) लक्षित कार्यक्रम**

(३.१) जिविसको योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुने गरेको तर आफ्नो क्षेत्रका लक्षित समुदायको खण्डीकृत तथ्याङ्क संकलन गरी हरेक वर्ष अद्यावधिक गर्ने नगरेको ।

(३.२) महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने गरेको तर महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू जस्तो : सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न स्वास्थ शिविरहरू प्रयाप्त मात्रामा संचालन नगरिएको ।

(३.३) जिविसको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएको र योजना तर्जुमा गर्दा लक्षित समुहहरूको समेत सहभागितामा भएको ।

**(४) लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन**

(४.१) हरेक वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरू सम्पन्न नगरेको र योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार नपारिएको ।

(४.२) जिविसले कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेका छन् ।

(४.३) जिविसले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति नबनाइएको ।

**(५) आन्तरिक संरचना**

(५.१) जिविसले  जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका नरहेको

(५.२) महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको तर संचालनमा भने नआएको

(५.३) महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति जिल्ला समन्वय समितिको गठन गरी जिविसको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको ।

**(६) सुशासन**

(६.१) जिविसले महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट वार्षिक कार्यक्रम पुस्तिका मार्फत  सार्वजनिक गर्ने गरेको र खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत समेत गरिएको ।

(६.२) जिविसले सूचना तथा अभिलेख लाई व्यवस्थित गरी  केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरिएको ।

(६.३) जिविसले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरिएको ।

**(७) मानव संसाधन र सम्बन्ध बिस्तार**

(७.१) जिविसमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत भएको तर श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख नराखिएको ।

(७.२) लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको ।

(७.३) लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्ल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार नगरिएको

**(८) नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन**

(८.१) महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा जिविसका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी भएको तर सोको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन नगरिएको ।

(८.२) लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गरिएको छैन ।

(८.३) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा जिविसको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा केही रकम विनियोजन गरिएको छ ।

## २.४ सवल तथा सुधार गर्नुपर्ने पक्षहरु

कैलाली जिविसको सामाजिक उत्तरदायित्व र सामाजिक समावेशिका क्षेत्रमा देखिएको सवल पक्षहरु, सुधार गर्न पर्ने पक्षहरु र कार्यान्वयन अवस्थालाई तलिका ४ द्धारा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : सवल तथा सुधार गर्नु पर्ने पक्षहरु**

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| **१** | **जिविसको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा)** | |
| **१.१** | **जिविसको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)** | |
| क | जिविसको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना भएको | महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पनाले पारेको प्रभाव सुचकको आधारमा समीक्षा गर्नुपर्ने |
| ख | जिविसको उद्देश्यले महिला र पुरुष बीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको छ । | उद्देश्य अनुसार कार्यक्रम तय गर्नुपर्ने |
| ग | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति भएको । | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति अनुसार कार्यक्रम गर्नुपर्ने । |
| घ | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति भएको । | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनका लागि बनाइएको रणनीति अनुसार कार्यनीति बनाउनुपर्ने |
| **१.२** | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | |
| क | जिविसमा लैङ्गिक विकास हेर्ने (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) कार्यान्वयन समिति इकाईको व्यवस्था गरिएको छ । | जिविसका कर्मचारीहरूको पद पूर्ति गर्दा सबै जातजाति, वर्ग लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी जिविसले नियुक्त गर्ने महिला तथा पुरुष कर्मचारीहरूको संख्यामा समानता ल्याउनुपर्ने |
| ख | लैससास कार्यान्वयन समिति गठन भई क्रियाशिल अवस्थामा रहेको । | कर्मचारीहरूको प्रतिनिधित्व हुन सक्ने रणनीति लिनुपर्ने |
| ग | | जिविसको निर्णायक तहमा (कर्मचारी /पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने |
| घ | | |
| **१.३** | **लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली** | |
| क | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाइएको | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिई बच्चालाई स्तनपान गराउने स्थान बनाउनुपर्ने । |

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ । | महिला शौचालयको उचित ब्यवस्थापन तथा स्यानीटरी प्याड विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने । |
| ग | | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता तयार गरी लागू गर्नुपर्ने । |
| घ | | आचारसंहिता बनाएर महिला हिंसा भएमा पिडकलाई कार्वाही गर्नुपर्ने । सुनुवाईको व्यवस्था गर्नु पर्ने |
| **२.** | **जिविसको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण** | |
| **२.१** | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | |
| क | नगण्य संख्यामा कर्मचारी हरुले मात्र तालिम लिएका छन । | जिविसका सम्पुर्ण पदाधिकारी/कर्मचारीहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने |
| ख | | तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न सवै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिव र सामाजिक परिचालकहरू सम्मलाई तालिम दिन आवश्यक पर्ने रकमको व्यवस्था गरिनुपर्ने । |
| ग | | हरेक तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गर्नुपर्ने । |
| घ | | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने व्यवस्था गरिनुपर्ने |
| **२.२** | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता गराउने गरिएको छ । | समितिका मुख्य मुख्य पदहरू मा अर्थपूर्ण सहभागिताको व्यवस्था गर्नुपर्ने |
| ख | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौटको लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरूलाई गाविस स्तरसम्म समान रुपमा सहभागी गराईने गरेको छ । | |
| ग | अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू ( प्राविधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) छन । सो अनुसारको बजेट विनियोजन गरिएको छ । | हरेक वर्ष प्राविधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण जस्ता शिर्षकमा बजेट विनियोजन गरि कार्यक्रमलाई निरन्तरता दिनुपर्ने |
| **२.३** | **जिविसको क्षमता विकास कार्ययोजना** | |
| क | जिविसको क्षमता विकास कार्ययोजना तयार | जिविसको क्षमता विकास योजनामा लैङ्गिक |

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | गरेको छ । | समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था गरेको हुनुपर्ने । |
| ख | जिविसको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न प्रयाप्त बजेटको व्यवस्था नगरेको | जिविसको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न प्रयाप्त बजेटको व्यवस्था गरेको हुनुपर्ने |
| **३** | **लक्षित कार्यक्रम** | |
| **३.१** | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता** | |
| क | | जिविसले आफ्नो क्षेत्रका समुदायस्तरका महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत नेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्गको खण्डीकृत तथ्याङ्क संकलन गरी हरेक वर्ष अद्यावधिक गर्नुपर्ने |
| ख | कुनै कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्याको विश्लेषण गर्ने गरिएको छ । | |
| ग | जिविसको योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुने गरेको छ । | |
| घ | जिविसको योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ । | |
| **३.२** | **महिला उत्थानका लागि कार्यक्रमहरू** | |
| क | महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू जस्तो : अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि सञ्चालन गरिएको छ । | महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू जस्तो : सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरू प्रयाप्त मात्रामा राख्नुपर्ने |
| ख | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू जस्तो : कानूनी हक अधिकार, | |

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्ने गरिएको छ । | |
| ग | महिलाहरू लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालनबाट लाभान्वित भएका छन । कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्ने गरिएको छ । | |
| **३.३** | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू** | |
| क | जिविसको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने गरिएको छ । | जिविसको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागितामा तय गर्ने व्यवस्था मिलाउनु पर्ने । |
| ख | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ । | |
| ग | जिविसको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएका छन । | लाभको अवस्था र प्रभावको मुल्यांकन गर्न पर्ने । |
| **४** | **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | |
| **४.१** | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | |
| क | आशिंक मात्रमा सूचनाहरु संकलन गरि अध्यावधिक गर्ने गरेको | जिविसले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/ खण्डीकृत तथ्याङ्कको समय समयमा अध्यावधिक गर्ने । |
| ख | | जिविसले योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरूको छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नुपर्ने । |
| ग | | जिविसले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्नुपर्ने । |
| घ | | हरेक वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरू सम्पन्न गर्नुपर्ने । |
| **४.२** | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | |
| क | उपभोक्ता समितिले गर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको उपभोक्ता समितिको | जिविसले कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष |

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ । | वर्गहरूको सक्रिय सहभागितमा गर्नुपर्ने |
| ख | | जिविसले कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभ लिएको हुनुपर्ने |
| ग | | जिविसले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने |
| **४.३** | **अनुगमन र मूल्याङ्कन** | |
| क | के जिविसको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ । | जिविसले अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्नुपर्ने । |
| ख | | जिविसले लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति बनाउनु पर्ने । |
| ग | | जिविसले अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्नुपर्ने । |
| **५** | **आन्तरिक संरचना** | |
| **५.१** | **जिविसमा महिला तथा लक्षित समुहको सहभागिता** | |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ । | अफ्र प्रभावकारि वनाउदै लैजान पर्ने |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ । | संचार मार्फत सुसुचित गराउन पर्ने |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तजुमा, कार्यान्वयन र अनुगमन कार्यमासक्रिय भूमिका रहेको छ । | संचार मार्फत सुसुचित गराउन पर्ने |
| घ | | जिविसले जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका नरहेको छ । |
| **५.२** | **वित्त तथा लेखा व्यवस्थापन** | |
| क | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरी | महिला विकासको लागि छुट्टै कोष स्थापना गरि त्यसको प्रभावकारी उपयोग हुनुपर्ने । |

| क.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | बजेटको व्यवस्था गरिएको छ। | |
| ख | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ। | जिविसले लैङ्गिक डेस्कको विकासको कार्यक्रम पहिचान गरी बजेटको व्यवस्था गर्नुपर्ने |
| **५.३** | **जिविसमा गठित समिति** | |
| क | जिविस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ। | जिविसको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गर्नुपर्ने |
| ख | जिल्ला स्रोत अनुमान समिति, गाउँ विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ। | |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी जिविसको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ। | |
| **६** | **सुशासन** | |
| **६.१** | **पारदर्शिता/ जफावदेहिता** | |
| क | जिविसले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ। | |
| ख | जिविसले महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ। | |
| ग | जिविसले समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ। | |
| घ | जिविसले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरिता ढंगबाट दिने गरेको छ। | |

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| **६.२** | **सुचना व्यवस्थापन** | |
| क | जिविसले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरेको छ । | |
| ख | जिविसले सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ । | |
| ग | जिविसले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छन् । | |
| **६.३** | **सुचना शिक्षा र संचार** | |
| क | जिविसले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ । | |
| ख | स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ । | |
| ग | स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको जिविसको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको छ | |
| घ | जिविसले स्थानीय पत्रकारहरूद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ । | |
| **७** | **मानव संशाधन, सम्बन्ध विस्तार** | |
| **७.१** | **मानव संसाधन व्यवस्थापन** | |
| क | जिविसमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् । | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख राख्नुपर्ने । |
| ख | जिविसमा मानव संसाधन विकास केन्द्र र इकाइ छ । | |
| ग | जिविसले बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि | |

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरेका छन । | |
| **७.२** | **सम्बन्ध विस्तार** | |
| क | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ । | |
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ । | |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरेको छ । | |
| घ | जिविसका कर्मचारीहरूले आन्तरिक र वाह्रय श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् । | |
| **७.३** | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | |
| क | योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ । | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गर्नुपर्ने । |
| ख | | ग्रमीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने कार्य गर्नुपर्ने छ । |
| **८** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | |
| **८.१** | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | |
| क | गरिबी कम गर्दै जाने, मातृ मृत्यु दर घटाउने, वाल मृत्यु दर कम गर्ने, विकास निर्माणमा समान सहभागिता गराउने जस्ता उद्येस्यहरु जिविसको योजनामा पनि समेटिएका छन । | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गर्नुपर्ने । |
| ख | | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गर्नुपर्ने |
| ग | | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा जिविसका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने |

| क्र.सं. | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| घ | | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने । |
| **८.२** | **महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने** | |
| क | महिला विकास कार्यलयको कार्यक्रममा जिल्लाका केहि गाविसहरुमा महिला वचत तथा ऋण सहकारि संस्थाहरु संचालन भैरहेका छन । बहु विवाह, छुवाछुत, अंश बण्डा, घरेलु हिसां सासु बुहारी, देउरानी जेठानी, गालि बेजती जस्ता घटनाहरु दर्ता हुन आएका । | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गनुपर्ने |
| ख | | लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गर्दै जानुपर्ने । |
| ग | | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू जिविसहरूले संचालन गरी हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने गर्नुपर्ने |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाइएको । | |
| **८.३** | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | |
| क | | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गर्नुपर्ने । |
| ख | | जिविसले समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरू संचालन गर्नुपर्ने । |
| ग | जिविसले आदिबासी जनजातीहरूको विकासको लागि लक्षित वर्ग अन्तरगतका कार्यक्रमहरूमार्फत यी वर्गहरूको सहभागितामा योजना तर्जुमा तथा कार्यन्वयन गर्ने गरेको छ । | जिविसले आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्नुपर्ने । |
| घ | | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा जिविसको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गर्नुपर्ने । |

## ३. लैंगिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

**तालिका ५ : लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना** (आ.व.२०७२/०७३)

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| (१) **जिविसको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | | | | |
| आवधिक र वार्षिक योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास गर्ने । | कार्यनीति अनुसार कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने | चैत्र मसान्त | | योजना अधिकृत |
| महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी) गर्ने | जिविसका कर्मचारीहरूको पद पूर्ति गर्दा सबै जातजाति, वर्ग लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुन सक्ने रणनीति लिनुपर्ने | फागुन मसान्त | | स्थानीय विकास अधिकारी |
| लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली लागू गर्ने | बच्चालाई स्तनपान गराउने स्थान तथा महिला शौचालयमा स्यानीटरी प्याड विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने । | असार मसान्त | | सामाजिक विकास |
| (२) **जिविसको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण** | | | | |
| **उद्देश्यहरू** | **क्रियाकलाप** | **समयावधि** | **बजेट** | **जिम्मेवारी** |
| लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेटको व्यवस्था गर्नुपर्ने | हरेक तालिम/ अनुशिक्षण/गोष्ठी संचालन गर्दा सवै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिव र सामाजिक परिचालकहरू सम्मलाई तालिम दिन आवश्यक पर्ने रकमको व्यवस्था गरिनुपर्ने । | फागुन मसान्त | | लेखा अधिकृत |
| क्षमता विकास कार्यक्रममा महिला पुरुष समान सहभागिता गराउने | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरूलाई तालिमको व्यवस्था गरिनुपर्ने | फागुन मसान्त | | सामाजिक विकास अधिकृत |
| जिविसको क्षमता विकास कार्ययोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुसार गर्ने | जिविसको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न प्रयाप्त बजेटको व्यवस्था गरेको हुनुपर्ने | | | |

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| (३) **लक्षित कार्यक्रम** | | | | |
| **उद्देश्यहरू** | **क्रियाकलाप** | **समयावधि** | **बजेट** | **जिम्मेवारी** |
| कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता गर्ने | जिविसको योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गर्ने । | फागुन मसान्त | | सामाजिक विकास अधिकृत |
| महिलाहरूको उत्थानका लागि कार्यक्रमहरू सञ्चालन गर्ने | महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू जस्तो : सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरू प्रयाप्त मात्रामा राख्नुपर्ने | असार मसान्त | | सामाजिक विकास अधिकृत |
| स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू | जिविसको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागितामा तय गर्ने व्यवस्था मिलाउनु पर्ने | फागुन मसान्त | | सामाजिक विकास अधिकृत |
| (४) **लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन** | | | | |
| **उद्देश्यहरू** | **क्रियाकलाप** | **समयावधि** | **बजेट** | **जिम्मेवारी** |
| योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास गर्ने | जिविसले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/ खण्डीकृत तथ्यांङ्कको समय समयमा अध्यावधिक गर्ने । | फागुन मसान्त | | योजना अधिकृत |
| योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास गर्ने | जिविसले कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरूको सक्रिय सहभागितमा गर्नुपर्ने | फागुन मसान्त | | योजना अधिकृत |
| अनुगमन र मूल्याङ्कन | जिविसले अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्नुपर्ने । | फागुन मसान्त | | स्थानीय विकास अधिकारी |
| **(५) आन्तरिक संरचना** | | | | |

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| जिविसमा महिला तथा लक्षित समुहको सहभागिता सुनिश्चित गर्ने | जिविसले जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ । | फागुन मसान्त | | स्थानीय विकास अधिकृत |
| वित्त तथा लेखा व्यवस्थापन गर्ने | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको हुनुपर्ने । | फागुन मसान्त | | लेखा अधिकृत |

(६) **सुशासन**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| पारदर्शिता/ जवाफदेहिता | जिविसले खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गर्नुपर्ने | असार मसान्त | | सुचना अधिकृत |
| सुचना व्यवस्थापन | जिविसले सूचना तथा अभिलेख केन्द्रलाई अफ्र अफ्र व्यवस्थित गर्ने | असार मसान्त | | सुचना अधिकृत |
| सुचना शिक्षा र संचार | जिविसले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने | असार मसान्त | | सुचना अधिकृत |

**७. मानव संसाधन र सम्वन्ध विस्तार**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| मानव संसाधन व्यवस्थापन | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख राख्नुपर्ने । | असार मसान्त | | सामाजिक विकास अधिकृत |
| सम्बन्ध विस्तार | विषयगत कार्यालय तथा अन्य गैह्र सरकारी संस्थासंग समन्वय गरी काम गर्ने | असार मसान्त | | सामाजिक विकास अधिकृत |
| व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन ( वहुवार्षिक) योजना तयार गर्नुपर्ने । | असार मसान्त | | सामाजिक विकास अधिकृत |

**८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नेपाल सरकारका लैङ्गिक विकासका नीति र | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट | असार मसान्त | | सामाजिक विकास |

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
| --- | --- | --- | --- | --- |
| प्रतिवद्धताहरूको कार्यान्वयन गर्ने | विनियोजन गर्नुपर्ने । | | | अधिकृत |
| महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने | लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गर्दै जानुपर्ने । | असार मसान्त | | सामाजिक विकास अधिकृत |
| नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा जिविसको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गर्नुपर्ने । | असार मसान्त | | सामाजिक विकास अधिकृत |

## ४· अनुसूचीहरु

### अनुसूची १ : जात जातिका खण्डीकृत तथ्यांक

| क्र.सं. | जात/जाति | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | कुल जनसख्या प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | थारु | १,६०,०५२ | ५० | १,६२,०६८ | ५० | ३,२२,१२० | ४१.५३ |
| २ | क्षेत्री | ७९,७२५ | ४९ | ८४,१५९ | ५१ | १,६३,८८४ | २१.१३ |
| ३ | ब्राम्हण -पहाडी | ४६,३८३ | ४८ | ४९,८७६ | ५२ | ९६,२५९ | १२.४१ |
| ४ | कामी | ३०,१५३ | ४६ | ३४,९३४ | ५४ | ६५,०८७ | ८.३९ |
| ५ | ठकुरी | १४,८९९ | ४९ | १५,८०१ | ५१ | ३०,७०० | ३.९६ |
| ६ | मगर | १४,४४५ | ५० | १४६१८ | ५० | २९,०६३ | ३.७५ |
| ७ | दमाइ(ढोली) | ७,७६२ | ४५ | ९,४३० | ५५ | १७,१९२ | २.२२ |
| ८ | दलित अन्य | ३,९७३ | ४६ | ४,६३४ | ५४ | ८,६०७ | १.११ |
| ९ | अन्य(१प्रतिशत भन्दा कम) | २१,०२५ | २.२५ | २१,७७२ | २.०५ | ४२,७९७ | ५ |
| | कुल | ३,७८,४१७ | | ३,९७,२९२ | | ७,७५,७०९ | १०० |

**श्रोत : राष्ट्रिय जनगणना,२०६८,केन्द्रीय तंथ्याक विभाग**

### अनुसुची २ बिषयगत कार्यलयहरुको लैंगिक तथा सामाजिक समावेशी खण्डीकृत तथ्यांकहरु

| क्षेत्र | सुचना | समावेशी विश्लेषण |
|---|---|---|
| | | यस वर्ष(०७१।७२ |
| शिक्षा | साक्षरता दरः महिला-पुरुष | ८२.५(८५म,८०पु) |
| | विद्यालय भर्नादर : बालक-बालिका | ८० प्रतिशत |
| | खूद विद्यालय भर्नादरः बालक-बालिका | ६५ प्रतिशत |
| | विद्यालय तह पूरा गर्ने दरः बालक(बालिका | ६३ प्रतिशत |
| | कक्षा ५ सम्म विद्यालयमा रहने दर :बालक बालिका | २० प्रतिशत |

| क्षेत्र | सुचना | समावेशी विश्लेषण |
|---|---|---|
| | | यस वर्ष(०७१।७२ |
| | विद्यालय व्यवस्थापन समितिकासदस्यहरूको लैङ्गिक अनुपात | १:४(महिला :पुरुष) |
| | प्रा.वि., नि.मा.वि., उच्च मा.वि. रक्याम्पसका शिक्षकको लैङ्गिक अनुपात | २:३(महिला :पुरुष) |
| स्वास्थ्य | परिवार नियोजनका साधनको प्रयोगदर | ४८.४ प्रतिशत |
| | परिवार नियोजनका साधन प्रयोगकर्ताकोलैङ्गिक अनुपात(पुरुष :महिला) | ३:७ (महिला :पुरुष) |
| | दक्ष प्रसुतिकर्ताको सहयोगमा भएकासुत्केरी प्रतिशत | ६५.८७ % |
| | स्वास्थ्य संस्थामा बच्चा पाउने गर्भवतीको प्रतिशत | ७८.०८% |
| | ३ वर्षमुनिका कम तौल हुने बच्चाकोअनुपात | १०.२३ % |
| | २ वर्षमुनिका कम तौल हुने बच्चाकोअनुपात | प्राप्त नभएको |
| | शिशु, बाल र मातृ मृत्युदर | ०.७३%,०.२%,०.५६ % |
| | एचआईभी, एड्स सङ्क्रमण स्थिति | १३४ जना नया(बढ्दो क्रममा) |
| | स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्यको लैङ्गिक अनुपात | १:३(महिला :पुरुष) |
| कृषि | कृषि प्रसार तालिम, भ्रमण तथा अन्य कृषि विकास कार्यक्रमका सहभागीको लैङ्गिक अनुपात | ४:६(महिला :पुरुष) |
| | महिला कृषक समूहको अनुपात | महिला ४० प्रतिशत,४::६ ( महिला :पुरुष) |
| | कृषक समूहका सदस्यको लैङ्गिक अनुपात | ६:४( महिला :पुरुष) |
| घरेलु, लघु तथा साना उद्यम | सीप विकास तालिमका सहभागीको लैङ्गिक अनुपात (पुरुष महिला) | २:१ (महिला :पुरुष) |
| | उद्यमी विकास तालिमका सहभागीको लैङ्गिक अनुपात (पुरुष महिला) | २:१ (महिला :पुरुष) |
| | महिला उद्यमीको स्वामित्व वा साझेदारीमा | प्राप्त नभएको |

| क्षेत्र | सुचना | समावेशी विश्लेषण |
|---|---|---|
| | | यस वर्ष(०७१।७२ |
| | दर्ता भएका घरेलु, लघु तथा साना उद्यम ( पुरुष महिला) | |
| | चालु रहेका घरेलु, लघु तथा साना उद्यम मध्ये महिला स्वामित्व वा साझेदारीका उद्यमको अनुपात | ०.१३:१ (महिला :पुरुष) |
| | जिल्ला घरेलु तथा साना उद्योग संघको कार्यकारी समितिका सदस्यको लैङ्गिक अनुपात | ३:१ (महिला :पुरुष) |
| प्राकृतिक स्रोत व्यवस्थापन | वन क्षेत्रको सुशासन तालिमका सहभागीको लैङ्गिक अनुपात | ७:३(महिला :पुरुष) |
| | जलाधार व्यवस्थापन तालिमका सहभागीको लैङ्गिक अनुपात | ६:४(महिला :पुरुष) |
| | महिला वन उपभोक्ता समितिका सदस्यको लैङ्गिक अनुपात | १००% |
| | वन उपभोक्ता समिति सदस्यको लैङ्गिक अनुपात | ५.५:४.५ |
| | जलाधार व्यवस्थापन कार्यक्रम अन्तर्गतका विभिन्न समूह सदस्यको लैङ्गिक अनुपात | ६:४ |
| | गाउँ विकास कार्यक्रम (सामाजिक परिचालन) अन्तर्गतका विभिन्न समूह सदस्यको लैङ्गिक अनुपात | |
| | बन उपभोक्ता समितिको साधारण सभाको उपस्थिती अनुपात | |
| | कृषि भूमिको स्वामित्वमा लैङ्गिक अनुपात | १:२ |
| खानेपानी | शुद्ध खानेपानी सुविधा पाएको जनसङ्ख्याको अनुपात | ९८% :२ % |
| | खानेपानी उपभोक्ता समिति सदस्यको लैङ्गिक अनुपात | १:२ (महिला :पुरुष) |
| | शुद्ध खानेपानी सुविधा पाएको वर्ग (दलित र जनजाति वा अन्य) को अनुपात | १:४ |
| | खानेपानी तथा सरसफाई तालिममा भाग लिने सदस्यको लैङ्गिक अनुपात | २:३ (महिला :पुरुष) |
| | पानी बोक्ने र सरसफाई सम्बन्धी काममा संलग्न परिवारका सदस्यको लैङ्गिक अनुपात | ७:४ |
| | ग्रामीण पूर्वाधार योजनामा निर्णय गर्ने र कार्यान्वयन गर्ने सदस्यको लैङ्गिक अनुपात | १:४ |
| स्वायत्त शासन स्थानीय निर्वाचन नभएको अवस्थामा सान्दर्भिक नभएको | जिविसमा कूल निर्वाचित मध्ये लैङ्गिक अनुपात | स्थानीय निर्वाचन नभएको अवस्थामा सान्दर्भिक नभएको |
| | जिविसका परिषद् सदस्यको लैङ्गिक अनुपात | स्थानीय निर्वाचन नभएको अवस्थामा सान्दर्भिक नभएको |
| | जिविसका कार्यकारिणी समिति सदस्यको | स्थानीय निर्वाचन नभएको |

| क्षेत्र | सुचना | समावेशी विश्लेषण |
|---|---|---|
| | | यस वर्ष(०७१।७२ |
| | लैङ्गिक अनुपात | अवस्थामा सान्दर्भिक नभएको |
| | जिविसका सभापति र उपसभापतिको लैङ्गिक अनुपात | स्थानीय निर्वाचन नभएको अवस्थामा सान्दर्भिक नभएको |
| | जिविसका कर्मचारी तथा सल्लाहकारको लैङ्गिक अनुपात | १:१० (महिला :पुरुष) |
| | बैदेशिक रोजगारीमा संलग्न भएका महिला र पुरुषको अनुपात | प्राप्त नभएको |
| | कृषि पेशामा महिला संलग्नता अनुपात | प्राप्त नभएको |
| रोजगार | उद्योगमा संलग्न भएका महिला र पुरुषको अनुपात | प्राप्त नभएको |
| | | |
| बैदेशिक रोजगारीमा संलग्नता | व्यापारमा संलग्न महिला र पुरुषको अनुपात | प्राप्त नभएको |
| कृषिमा संलग्नता उद्योगमा संलग्नता | | प्राप्त नभएको |
| अनौपचारिक कार्यमा संलग्नता | जिल्ला तथा नगरपालिका भित्र सरकारी एवं गैर सरकारी कार्यालयहरूमा कर्मचारीको लैङ्गिक अनुपात | प्राप्त नभएको |
| व्यवसाय आदिमा संलग्नता | | प्राप्त नभएको |
| शैक्षिक क्षेत्रमा सँगलनता | | प्राप्त नभएको |
| प्रशासनिक क्षेत्रमा संगलनता | वडास्तरमा गा.वि.स. स्तरमा जि.वि.स. स्तरमा नगरपालिका स्तरमा | प्राप्त नभएको |
| नोकरी | राष्ट्रिय स्तर (आफ्नो जिल्ला र नगरपालिकाबाट) संसदमा | प्राप्त नभएको |
| व्यापार | | प्राप्त नभएको |
| राजनीतिमा महिला सहभागीता | जिविसको औपचारिक वैठकमा (वार्षिक, चौमासिक र योजना तर्जुमा) गर्ने प्रतिनिधित्वको लैङ्गिक अनुपात | प्राप्त नभएको |
| | उपभोक्ता समितिहरूमा लैङ्गिक अनुपात | प्राप्त नभएको |
| | राजनीतिक दल तथा तिनका भातृ तथा सँगठनमा लैङ्गिक अनुपात | प्राप्त नभएको |
| सामुदायिक भूमिका | महिला र पुरुषमा समान ज्यालाको स्थिति | प्राप्त नभएको |
| | महिला विरुद्ध हुने भेदभाव सम्बन्धी कुरीतिहरू र परम्पराको चित्रण<br>जस्तै :<br>वाल विवाहको प्रतिशत<br>वहु विवाह प्रतिशत<br>छाउपडी प्रथा प्रतिशत | प्राप्त नभएको |

| क्षेत्र | सुचना | समावेशी विश्लेषण |
|---|---|---|
| | | यस वर्ष(०७१।७२ |
| | वेच विखन अवस्था<br>कूल हिंसाका घटनामा महिला विरुद्ध हिंसाको अनुपात | |
| घरेलु र सामाजिक उत्पीडनको स्थिति | महिला र वालवालिकाको जन्म, विवाह र मृत्यु | प्राप्त नभएको |
| | पुन : स्थापित भएका महिला र पुरुषको संख्या | प्राप्त नभएको |
| | पुन : स्थापित गर्ने संस्थाहरू , जिविसहरू | प्राप्त नभएको |
| अन्य | विभिन्न सेवा सुविधाहरूमा पहुँच, सहभागिता र श्रोत साधन माथिको नियन्त्रण सम्बन्धी विवरण । | प्राप्त नभएको |

## अनुसुची ३ : लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्था

नेपालको संविधान जारी भएका विभिन्न ऐनहरू, राष्ट्रिय योजना दस्तावेजहरू, बिषयक्षेत्रका नीतिहरू र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ ले व्यवस्था गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्थाहरूलाई स्थानीय तहमा व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन नेपालसरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०६६ सालमा जारी गरी कार्यान्वयनमारहेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ मा उल्लेख भएका प्रमुख नीति र रणनीतिहरू निम्नानुसार रहेका छन ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रमुख नीतिहरू**

(क) पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासकालागि कार्यक्रमहरू कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।

(ख) विकासलाई सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरण गरिदै लगिनेछ ।

(ग) महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग, उत्पीडित, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ पहल गरिनेछ ।

(घ) महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम,विपन्न तथा पिछडिएको वर्गहरूको सशक्तीकरण गर्दै लगिनेछ ।

(ङ) महिला, बालबालिका, आदिबासी जनजाति, मानव अधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति**

जिविसका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्नचाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अरु बढी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिहरू निम्न बमोजिम छन् ।

(क) स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र,प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

(ख) स्थानीय तहमा विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कमगर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिकसंस्थाहरू (महिला, बञ्चितीकरणमा परेका वर्गहरूको समुह, पारालिगल, फेडरेसन, बाल क्लब र निगरानी समुह आदि) परिचालन गरी लैङ्गिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने । बञ्चितीकरणमा परेका वर्गहरूको क्षमता अभिवृद्धि गरी स्थानीय सरकारमा समावेशी विकास पक्रियालाई संस्थागत गर्ने ।

(ग) स्थानीय सरकारहरूको न्यायोचित रुपमा वित्तीय स्रोतहरूमा पहुँचवृद्धि गर्ने ।

(घ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) कालागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्रपहिचान गरी कार्यान्वयन गर्ने ।

(ङ) स्थानीय सरकारको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैंगिक तथासामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।

(च) स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरूको लैससासकोदृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने ।

(छ) स्थानीय सरकारहरूका लागि उपयुक्त सहयोग प्रदान गर्न केन्द्रीयसरकार तथा राष्ट्रिय तहका निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।

**जिविस लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिकाको उद्देश्य**

जिविस र यसका सवै साझेदार संस्थाहरूको नीति र कार्यक्रमहरूमा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी समतामूलक विकास एवं प्रवर्द्धनलाई संस्थागत गर्नु जिविस लैङ्गिक उत्तरदायी तथा सामाजिकसमावेशी बजेट तर्जुमा एवं परीक्षणकार्यक्रमबाट हुने लैङ्गिक प्रभाव विश्लेषण गर्न सहयोग गर्दछ । जिविस लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षणका अन्य उद्देश्यहरू देहाय वमोजिम रहेका छन् ।

- जिविसको आवधिक र वार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरणएवं सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने ।
- लैङ्गिक समानता तथा समावेशीकरणको लक्ष्यलाई जिविसको संरचना र कार्य योजनामा स्थान दिने ।
- जिविसको श्रोत परिचालन, बजेट विनियोजन तथा खर्चलाईलैङ्गिक तथा सामाजिक समावेशी दृष्टिले अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरण एवं सामाजिक समावेशीकरणका प्रतिबद्धताहरूलाईलैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षणद्वारा अनुगमन एवं मूल्याङ्कन गरी सहस्राव्दी विकासका लक्ष्यहरूलाई टेवा पुऱ्याउने ।
- लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी सुशासन व्यवस्थालाई संस्थागत गर्ने ।

**जिविस लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिकाको कार्यक्षेत्र**

जिविस लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिकाको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ :

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका देहायका काम कारबाहीमा लागू हुनेछ :

(क) जिविसहरू - जिल्ला विकास समिति, नगरपालिका र गाउँविकास समितिको योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा,

(ख) जिल्ला, गाउँ तथा नगरस्तरीय बिषयगत निकायहरूको योजनातथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा,

(ग) जिल्ला, गाउँ तथा नगरस्तरीय विकासका साझेदारहरू र जिविससँग साझेदारीमा काम गर्ने गैरसरकारी संस्थाहरूको योजनातथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा ।

जिविसहरू, जिल्ला तथा गाउँ/नगरस्तरीय बिषयगत निकायहरूर विकास साझेदार एवं गैर सरकारी संस्थाहरूको योजना प्रक्रियामा यस निर्देशिकाको अवलम्बन भए नभएको अनुगमन गर्ने जिम्मेवारी जिल्लालैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यान्वयन समिति र जिविसको योजना तर्जुमासँग सम्बन्धित पदाधिकारीहरूको हुनेछ । यसरी अनुगमन गर्दा सुधार गर्नपर्ने बिषय देखिएमा जिविसको सम्बन्धित पदाधिकारीले आवश्यक निर्देशन दिन सक्नेछ ।

## सूचना संकलन तथा अभिलेख

जिविसले लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण सम्बन्धी कानूनी एवं नीतिगत प्रावधानहरू अनुरुप स्थानीय स्तरमा महिला, पुरुष, तेश्रोलिंगी, बालबालिका/किशोर-किशोरी, आदिवासी जनजाति, मधेशी, मुस्लीम, दलित, पिछडिएको समुदाय, अपांगता भएका व्यक्ति, उपेक्षित, उत्पीडित एवं जेष्ठ नागरिकहरूको आर्थिक सामाजिक अवस्था सम्बन्धी खण्डीकृत तथ्याङ्कर लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणका लागि भएकामहत्वपूर्ण प्रयासहरू सम्बन्धी अभिलेख जिविसको सूचना तथा अभिलेख केन्द्रमा राखिएको छ ।

# अनुसूची ३ : लैंगिक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा विधि

**लैंगिक उत्तरदायी तथा समावेशी बजेट**

योजना तथा बजेट तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग रसमुदायका महिला, पुरुष, तेश्रोलिंगी, अपांगता भएका व्यक्ति, बालबालिका तथाजेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेट नै लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट हो । यो लैंगिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढंगले,योजनावद्ध रुपमा लैससास विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा गर्ने प्रक्रिया हो ।

लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा एक औजार हो, जसले बजेटलाई निर्दिष्ट लक्षित कार्यक्रमको लागि विनियोजन गर्न मद्दत गर्दछ । यो महिला वा सामाजिक रुपले वञ्चितिकरणमा परेका व्यक्तिहरूको लागि छुट्टयाईएको छुट्टै विषेश बजेट होइन । समाजमा महिला र पुरुषको भूमिका, आवश्यकता रप्राथमिकता फरक फरक हुने कुरालाई यस बजेटले आत्मसाथ गर्दछ । यसले खास गरी समाजमा रहेका विभिन्न समुहका महिला वा पुरुषको आवश्यकता, हित र सरोकारका विषयमा ध्यान निर्दिष्ट गरी उनीहरूको आवश्यकताको सम्बोधनको सुनिश्चितता खोज्दछ । यसले योजना तथा बजेट प्रक्रियाका सबै चरणहरूमा समतामूलक समानता कायम गर्न खोज्दछ ।

जिविसले गर्ने कार्यक्रमलाई समावेशितामा समेट्नु पर्ने महिलापुरुषहरूको तथा समाजका अन्य महिला पुरुषबीच विद्यमान शक्ति सम्वन्धको असन्तुलनलाई कम गर्ने तथा कमजोर शक्ति सम्वन्ध भएकाहरूको सशक्तिकरणमा सहयोग पुग्ने गरि गरिने बजेट तर्जुमा पद्धतिलाई लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट भनि वुझ्नु पर्दछ ।

**लैंगिक उत्तरदायी तथा समावेशी बजेटका फाइदाहरू**

(क) यस बजेटले लैङ्गिक तथा सामाजिक समावेशी प्रभावका सम्बन्धमा पारदर्शिता तथा जवाफदेहिताको सम्बर्धनद्वारा सुशासनलाई अग्रगति प्रदान गर्दछ ।

(ख) समावेशीमा पर्ने पक्ष, वर्ग र समुदायका आवश्यकता र सरोकारहरूलाई सम्बोधन गर्ने हुदा सामाजिक न्याय स्थापित गर्दछ ।

(ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीताको लागि बजेटको पुनसंरचनातथा सुनिश्चितता गर्दछ ।

(घ) यसले विभिन्न वर्गमा लैङ्गिक समानता तथा सामाजिक समावेशी प्राप्तिकालागि अभिव्यक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू जस्तै महिलाविरुद्ध हुने सवैप्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (CEDAW), बेइजिङ्ग कार्य मञ्च (BPFA), अन्तर्राष्ट्रिय जनसंख्या र विकास सम्मेलनद्वारा पारित कार्ययोजना र सहस्राव्दी विकास लक्ष्य (MDGs) को कार्यान्वयन र विनियोजित साधन स्रोत बीचको खाडललाई सम्बोधन गर्दछ ।

(ङ) यसले महिला र पुरुष बीच उत्पादनशील साधन स्रोतको समतामुलकवितरणको माध्यमद्वारा गरीबी निवारणको अभियानलाई गति प्रदान गर्दछ ।

(च) यसले बजेटको कार्यान्वयन तथा कार्य सम्पादन क्षमतामा सुधार गर्दछ र सीमित साधन स्रोतको अधिकतम उपयोगलाई बढावा दिन्छ ।

(छ) यसले बजेटको आर्थिक दक्षता बढाउनुको साथै सामाजिक न्याय सम्बन्धी बृहत लक्ष्य प्राप्तिमा उल्लेखनीय योगदान पुऱ्याउदछ ।

(ज) यसले सरकार तथा नागरिक समाज बीच अझ बढि खुल्ला सकारात्मक सम्बन्ध स्थापित गर्न सघाउछ ।

(झ) यसले नीतिगत तथा रणनीतिगत लक्ष्यको सफलताका लागि अनुगमन गर्दछ ।

(ञ) यसले पछाडि परेका समुदायको हित तथा सरोकारका मुद्धालाई वित्तीय नीति निर्माणमा महत्वका साथ उजागर गर्दछ ।

(ट) समष्टीमा यसले नेपालमा रहेका सबै समुदायमा लैङ्गिक समानता तथा सामाजिक समावेशीता हासिल गराउछ ।

**बजेट तर्जुमा विधि**

जिविसले सम्पादन गर्ने सबै कार्यक्रमहरूको प्रारुप/सोच तयार पार्दाको अवस्थामानै उक्त कार्यक्रमले लैससासमा समेट्नु पर्ने सबै जातजाति, अन्य समुदायका महिला पुरुषको आवश्यकता र सरोकारलाई सम्बोधन गरी उपलब्धिमा समान उपभोगको अवस्था कसरी सिर्जना गर्न सकिन्छ भनी विश्लेषण गरिएको थियो । यसरीकार्यक्रम तर्जुमा गर्दा विशेषत दुईवटा रणनीति छन् ।

(१) सबैको लागि भनि तर्जुमा गरिने कार्यक्रम र बजेटमा पछाडि परेका लक्षित समुहको समेत समान लाभको सुनिश्चितता हुने गरी बजेट विनियोजन गरे नगरेको हेरिन्छ ।

(२) पछाडि परेका लिङ्ग र समुदायको लक्षित कार्यक्रममा बजेट विनियोजन गरे नगरेका हेरिन्छ ।

**लैंगिक उत्तरदायी तथा सामावेशी वर्गिकरण विधि**

कार्यक्रम र बजेटको विश्लेषण गर्दा अंकभारको आधारमा वर्गीकरण गरिएको थियो । बजेटका प्रत्येक क्रियाकलाप लैङ्गिक तथा समावेशी दृष्टिले कता उन्मुख छ भनी निर्क्यौल गर्न निम्नानुसार वर्गीकरण गरिएको थियो ।

**लैङ्गिक उत्तरदायी तथा सामावेशी वर्गिकरण विधि**

| क.सं. | अंकभारको आधार | वर्गीकरण | बजेट कोड |
|---|---|---|---|
| (क) | ५० प्रतिशत वा सो भन्दा बढी लाभ पुग्ने क्रियाकलाप | प्रत्यक्ष लैससास उत्तरदायी | १ |
| (ख) | २० प्रतिशत भन्दा बढी र ५० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियाकलाप | अप्रत्यक्ष लैससास उत्तरदायी | २ |
| (ग) | २० प्रतिशत वा सोभन्दा कम लाभ पुग्ने क्रियाकलाप | लैससास दृष्टिकोणले तटस्थ | ३ |

**सूचकहरूको आधारमा मूल्याङ्कन**

| क.सं. | गुणात्मक सुचकहरू | अंकहरू |
|---|---|---|
| १ | योजना तर्जुमा र कार्यान्वयनमा महिला र अन्य सबै लक्षित समुहहरूका सहभागिता | २० |
| २ | महिला र अन्य सबै लक्षित समुहहरूको क्षमता अभिवृद्धि | २० |
| ३ | कार्यक्रममा सबै समुदायका महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | ३० |
| ४ | सबै समुदायका महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |
| ५ | सबै समुदायका महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा ल्याउने कमी | १० |
| | **जम्मा** | **१००** |

**अंकभार दिने तरिका**

**सूचक तथा उपसूचकहरू र सोको कार्यगत व्याख्या** : बजेट तर्जुमा प्रकृयामा निर्धारण गरिने कार्यक्रमहरू लैङ्गिक उत्तरदायी तथा समावेशीभए नभएको र लैङ्गिक समानता तथा सामाजिक समावेशीको मुलभूत लक्ष्यमा पुऱ्याउने योगदानको मापन गरी बर्गीकरण गर्न निर्धारण गरिएकासूचकहरूको आधारमा अंक प्रदान गरिएको थियो । यसले जिल्ला विकास, विषयगत कार्यालय तथा अन्य सरोकारवालाहरूलाई कार्यक्रमहरूको लैङ्गिक सम्बेदनशीलता तथा समावेशी परीक्षण गर्न सहयोग पुऱ्याउन मार्गनिर्देशन गर्ने भएकोले ती सूचक र उपसूचकहरू पुरा भए नभएको परीक्षण गरी जिविस तथा अन्य सरोकारवालाहरूको कार्यक्रमले प्रत्येक परीक्षण सूचीमा उल्लेखित अवस्थाको स्थितिको आधारमा पाउने अंक ती सुचक तथा उपसुचकमा दिइएको अङ्कभारको आधारमा गरिएको छ । जिविसले आगामी वर्षको लागि बजेट तर्जुमा गर्दा कार्यक्रमले परीक्षण आधार पुरागर्न सके नसकेको हेरी नसकेको भएसम्भव भएसम्म उक्त आधारहरू पुरा गर्ने प्रयास गर्नु पर्दछ । कतिपय अवस्थामा यसका लागि कार्यक्रममा सामान्य रणनीतिक फेरवदल मात्रपनि पर्याप्त हुन सक्दछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी प्राप्ति, पुरुषको अधिकारको कटौती होईन नत महिलाहरूको अधिकारको बढोत्तरी हो, यसले राष्ट्रको सन्तुलित विकासको लागि महिला र पुरुषदुबैको जित–जितको (win-win situation) अवस्था सिर्जना गर्दछ ।

जिविस तथा अन्य सरोकारवाला पक्षहरूले आ–आफ्नो कार्यक्रमहरूको मुल्याकंन गरी हरेक कार्यक्रमकोलागि तालिका २ मा उल्लेख भए अनुसार अङ्कभार दिइएको थियो । परीक्षण सूचीमा उल्लेखित अवस्थाको आधारमा उत्तम, मध्यम र सामान्य गरी वर्गीकरण गरी सोही अनुरुप अङ्कभार निर्धारण गरिएकोछ । जिविसका कर्मचारिहरु तथा अन्य सरोकारवाला पक्षहरूले उल्लेखित परीक्षण सूचीलाई नियमितरुपमा हुने तलव, भत्ता, दैनिक कार्यालय व्यवस्थापन खर्च, ऋणभुक्तानी आदिमा गरिने विनियोजनमा नभई निश्चित लक्ष राखी गरिने कार्यक्रमहरुको सर्न्दभमा प्रस्तुत सूचक, उपसूचक तथा सोको परीक्षण सूचीप्रयोग गरी कार्यक्रमगत रुपमा प्रत्येक कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीका रुपमा प्रत्यक्ष्य उत्तरदायी, अप्रत्यक्ष्य उत्तरदायी वा तटस्थ भनी तालिका अनुसार वर्गीकरण गरिएको छ । निर्धारित प्रत्येक सूचकहरू एक अर्काको परिपूरकको रुपमा रहेता पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि पुऱ्याउन सक्ने योगदानको प्राथमिकताको आधारमा विकास कार्यक्रमको प्रतिफलमा महिला र अन्यलक्षित समूहको लागि समान प्रतिफलको सुनिश्चितता उल्लेख गरिएकोले तीन

नम्बरको सूचकलाई बढी अङ्कभार र सूचक पाँचमा उल्लेखित अवस्था तत्काल आँकलन गर्न नसकिने, केवल अनुमान मात्र गर्न सकिने भएको हुदा सवै भन्दा कम अङ्कभार कायम गरिएको छ । अङ्कभार दिंदासवै सरोकारवालाहरूको उपस्थितिमा स्वमुल्याङ्कनका आधारमा दिनु पर्दछ ।

**तालिका ३ : लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट मापनका प्रमुख सूचक र उपसूचकहरू**

| क.सं. | प्रमुख सुचक र उपसुचकहरू तथा परीक्षण सुची | अंक भार | प्राताङ्क |
|---|---|---|---|
| १.० | **योजना तर्जुमा तथा कार्यान्वयनमा महिला र अन्य लक्षित समूहको सहभागिता** | २० | |
| १.१ | योजना, कार्यक्रम तथा बजेट तर्जुमाको क्रममा जिविस तथा बिषयगत निकायमा निम्न बमोजिमको व्यवस्था भएमा | | |
| | क) उत्तम (जिविस र नगरपालिकामा निर्णायक तहका महिला कर्मचारी र लैङ्गिक सम्पर्क व्यक्तिको संलग्नता ; विषयगत निकाय, गाविस, अन्य सरोकारवाला निकाय र उपभोक्ता समितिको तहमा भए ३३ प्रतिशत वा वढी सेवा वा सरोकारवाला महिला तथा अन्य लक्षित समूहसँग छलफल) | ४ | २ |
| | ख) मध्यम (जिविस र नगरपालिकामा निर्णायक तहका महिला कर्मचारी वा लैङ्गिक सम्पर्क व्यक्तिको संलग्नता ; बिषयगत निकाय, गाविस, अन्य सरोकारवाला निकाय र उपभोक्ता समितिमा भए २० देखि ३२ प्रतिशत सेवा वा सरोकारवाला महिला तथा अन्य लक्षित समूह सँग छलफल) | ३ | |
| | ग) सामान्य (जिविस र नगरपालिकामा निर्णायक तहका बाहेकका महिला कर्मचारीको संलग्नता ; बिषयगत निकाय, गाविस, अन्य सरोकारवाला निकाय र उपभोक्ता समितिमा भए ५ प्रतिशत देखि १९ प्रतिशत सेवा वा सरोकारवाला महिला तथा अन्य लक्षित समूहसँग छलफल) | २ | |
| १.२ | **कार्यान्वयनमा महिला र लक्षित समूह सहभागिताको सुनिश्चितता** | १२ | |
| १.२.१ | कार्यक्रम कार्यान्वयनमा महिला र लक्षित समूहको सहभागिताको व्यवस्था कार्यक्रम कार्यान्वयनमा कर्मचारी वा उपभोक्ता समितिमा निम्नानुसार महिला र लक्षित समूहको संलग्नता हुने व्यवस्था भएमा | | |
| | • उत्तम (निर्णायक पदमा समेत ३३ प्रतिशत वा बढी) | ५ | |
| | • मध्यम ( निर्णायक पदमा समेत २० देखि ३२ प्रतिशतसम्म) | ४ | |
| | • सामान्य (५ देखि १९ प्रतिशतसम्म) | ३ | |
| १.२.२ | कार्यक्रम कार्यान्वयनको (सरोकार/उपभोक्ता समिति लगायत) निर्णायक तह लगायतमा महिला र अन्य लक्षित समूहको संलग्नता<br>विषयगत कार्यालयका (सरोकार/उपभोक्ता समिति जस्तै गाविस, वार्ड समिति | | |

| क्र.सं. | प्रमुख सुचक र उपसुचकहरू तथा परीक्षण सुची | अंक भार | प्राताङ्क |
|---|---|---|---|
| | जस्तै गाविस, वार्ड समिति लगायत) निर्णायक तह र पदका पदाधिकारीहरू लगायतमा महिला सहभागिताको व्यवस्था<br>• उत्तम (निर्णायक तह र समितिमा ३३ प्रतिशत वा बढी)<br>• मध्यम (निर्णायक तहमा ३३ प्रतिशत भन्दा कम तर समितिमा ३३ प्रतिशत वा बढी)<br>• सामान्य (निर्णायक तह र समितिमा १० प्रतिशतदेखि ३२ प्रतिशत सम्म) | ४<br>३<br>२ | |
| १.२.३ | महिला र लक्षित समूहको अनिवार्य उपस्थिति योजना व्यवस्थापन तथा कार्यन्वयन समितिको बैठकमा महिला पदाधिकारीहरूको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था गरिएको भएमा | ३ | |
| १.३. | अनुगमनमा महिला र लक्षित समूह सहभागिताको व्यवस्था अनुगमन कार्यक्रममा महिला वा लैङ्गिक सम्पर्क व्यक्ति वा सरोकारवाला महिला प्रतिनिधिहरू सहभागिताको सुनिश्चितता | ४ | |
| **२.०** | **महिलाहरू र लक्षित समूहको क्षमता अभिवृद्धि** | **२०** | |
| २.१ | नीति निर्णय तथा कार्यान्वयन तहका महिला र लक्षित समूहको क्षमता अभिवृद्धिको व्यवस्था समूह तथा समितिहरूमा महिला पदाधिकारीहरूको क्षमता अभिवृद्धिको लागि निम्न कार्यक्रमको व्यवस्था भएमा<br>• कम्तीमा एकपटक निर्णय दक्षता अभिवृद्धि हुने कार्यक्रमको व्यवस्था<br>• पुनर्ताजकी कार्यक्रमको व्यवस्था भएमा<br>• कार्यक्रममा विशेष वर्गका महिलाहरूलाई लक्षित गरिएमा | ६<br>(२)<br>(२)<br>(२) | |
| २.२ | क्षमता अभिवृद्धि कार्यक्रममा महिला र लक्षित समूहको सहभागिताको व्यवस्था गोष्ठी, तालिम, सचेतना, सीप विकास आदि कार्यक्रममा निम्नानुसार लक्षित सबै समुदायका महिला सहभागी हुने व्यवस्था भएमा<br>• उत्तम (३३ प्रतिशत वा बढी)<br>• मध्यम (२० देखि ३२ प्रतिशतसम्म)<br>• सामान्य (५ देखि १९ प्रतिशतसम्म) | ७<br>५<br>३ | |
| २.३ | लैङ्गिक समानता र सामाजिक समावेशी सम्वेदनशील विषयवस्तु/परिवेश गोष्ठी, तालिम, सचेतना, सीप विकास कार्यक्रम आदिको विषयवस्तु लैङ्गिक समानता र सामाजिक समावेशी सम्वेदनशील भएमा<br>• लैङ्गिक र समावेशी सरोकारका बिषयहरूलाई समेटिएको भएमा | ७<br>(४) | |

| क.सं. | प्रमुख सुचक र उपसुचकहरू तथा परीक्षण सुची | अंक भार | प्राताङ्क |
|---|---|---|---|
| | • परिवेश जन्य/विशेष लैङ्गिक र समावेशी सम्वेदनशील प्रस्तुतिकरणको प्रावधान | (३) | |
| ३.० | **कार्यक्रममा सबै समुदायका महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता** | ३० | |
| ३.१ | महिलाहरूलाई लाभको (लाभान्वित महिलाको सुनिश्चितता योजना तथा कार्यक्रमबाट तत्काल लाभ पाउने सबै समुदायका महिलाको अनुपात निम्नानुसार भएमा<br>• उत्तम (५० प्रतिशत वा बढी<br>• मध्यम (३० देखि ४९प्रतिशतसम्म)<br>• सामान्य (५ देखि २९प्रतिशतसम्म) | ८<br>६<br>४ | |
| ३.२ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक अन्तर महिलाका विशेष आवश्यकता र अवरोधहरूको पहिचान र सम्बोधन बिषयगत निकायको कार्य सम्पादनमामा रहेका लैङ्गिक अन्तर महिलाका विशेष रणनीतिक आवश्यकता र अवरोधहरूको (**आर्थिक स्रोतमा कम पहुँच** जस्तै जिविसबाट लिनुपर्ने विभिन्न प्रमाण वा सिफारिसको लागि आवश्यक पर्ने शुल्क तिर्न नसक्ने अवस्था **कम शैक्षिकस्तर** जस्तै स्थानीय तहका विभिन्न निकायहरूबाट प्रवाह हुने सेवा, महिलाहरूले पाउनुपर्ने समान लाभको पक्षहरूको बुझाइको अवस्था साथै **हिँडडुलमा वन्देज** जस्तै (स्थानीय तहमा सहभागिता र उपलव्ध लाभको लागि आवतजावतमा रहेको अवरोध ) पहिचान गर्ने र सो समाधान गर्ने कार्यक्रम भएमा<br>• उत्तम (माथि पहिचान गरिएका तीनवटै अवरोध सम्बोधन हुने भएमा)<br>• मध्यम (माथि पहिचान गरिएका कुनै दूईवटा अवरोध सम्बोधन हुने भएमा)<br>• सामान्य (माथि पहिचान गरिएका कुनै एक अवरोध सम्बोधन हुने भएमा) | ६<br>४<br>२ | |
| ३.३ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिकमैत्री र समावेशी कार्यान्वयन संयन्त्र तथा वातावरण नीतिगत, संरचनागत तथा कार्यवातावरणलाई लैङ्गिकमैत्री र समावेशी बनाउन निम्न व्यवस्था भएमा<br>• ऐन, नियम, विनियम, कार्यविधि,निर्देशिका आदिलाई लैङ्गिकमैत्री बनाउन( समानता प्रबर्द्धन गर्न र विभेदकारी प्रावधान हटाउन) तथा कार्यस्थललाई महिला हिंसामुक्त बनाउन (आचार संहिता, उजुरी सुनवाई व्यवस्था) पहल गर्ने व्यवस्था उल्लेख भएको | ७<br>(३) | |

| क.सं. | प्रमुख सुचक र उपसुचकहरू तथा परीक्षण सुची | अंक भार | प्राताङ्क |
|---|---|---|---|
| | • महिलाका विशेष आवश्यकतालाई सम्बोधन गर्ने भौतिक सुविधाको व्यवस्था भएको भए (भिन्न शौचालय, बच्चालाई स्तनपान गराउने स्थान, महिलामैत्री कार्यालय ले–आउट आदि)<br>• कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी सेवा प्रवाह सम्बधी क्रियाकलाप (लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरू बारे जानकारीमूलक सूचना प्रवाहको व्यवस्था, नागरिक बडापत्र, भ्रमण, अभिमूखिकरण तालिम आदि व्यवस्था)को व्यवस्था भएमा | (२)<br>(१) | |
| ३.४ | महिलाहरूलाई लाभको सुनिश्चिततताका लागि बजेटको सुनिश्चितता लैङ्गिक समानता तथा समता प्रबर्धनका लागि पहिचान भएका कार्यक्रमका लागि<br>• प्रर्याप्त रकम विनियोजन गरिएको<br>• लैङ्गिक समानता तथा समता प्रबर्धक कार्यक्रमका लागि विनियोजन गरिएको रकम सोही काममा खर्च हुने सुनिश्चितता भएमा | २<br>(१)<br>(१) | |
| ३.५ | लैङ्गिक तथा समावेशी खण्डिकृत लाभको सुनिश्चिततताका लागि लैङ्गिक तथा समावेशी अनुगमन, परीक्षण तथा प्रभाव मूल्यांकनको व्यवस्था आयोजना/कार्यक्रमको सबै तहमा निम्नानुसार लैङ्गिक तथा समावेशी खण्डिकृत सूचना र तथ्याङ्कको अभिलेखन राख्ने तथा प्रभाव मूल्यांकनको लागि निम्न बमोजिमको व्यवस्था भएमा<br>• प्रतिफलमा महिला/पुरुषको भिन्नाभिन्नै विवरण आउने गरी आयोजना/कार्यक्रमको अभिलेख राखेमा<br>• मन्त्रालय, विभाग र मातहत निकायको कार्यसम्पादनको वार्षिक प्रगति प्रतिवेदन तथा समीक्षामा लैङ्गिक समानता सम्बन्धमा भएका प्रगतिहरू निम्नानुसार समावेश भएमा<br>(क) १ देखि ३.२ वुदा का सूचक तथा उपसूचकहरूमा उल्लेखित सवालहरू सम्बोधन भएको नभएको समीक्षा गरिएमा<br>(ख) लैङ्गिक तथा समावेशी समानता सुनिश्चित गर्न विनियोजित बजेट सोही काममा खर्च भए नभएको लेखाजोखा गरिएमा<br>• समीक्षाबाट आएका सिकाइहरूका आधारमा आगामी वर्षको योजना/बजेट तर्जुमा गरिएमा<br>• सञ्चालित कार्यक्रमको लैङ्गिक तथा समावेशी परीक्षण (audit), प्रभाव (impact) मूल्यांकन गर्ने व्यवस्था भएमा | ७<br>(२)<br>(१)<br>(१)<br>(१)<br>(२) | |
| ४.० | **सबै समुदायका महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि** | २० | |

| क.सं. | प्रमुख सुचक र उपसुचकहरू तथा परीक्षण सुची | अंक भार | प्राताङ्क |
|---|---|---|---|
| ४.१ | सबै समुदायका महिलाहरूको लागि रोजगारीको अवसरको उपलब्धता सञ्चालित कार्यक्रमबाट तत्काल सृजित रोजगारीमा सहभागिताको सुनिश्चितता (जस्तै स्वंय, उपभोक्ता समिति वा ठेक्कापट्टाबाट गरिने विकास निर्माण लगायतका कार्यमा सृजित अवसरमा सबै समुदायका महिलाहरूको लागि मात्र आरक्षण, प्राथमिकता आदि ) निम्नानुसार भएमा<br>• उत्तम (३३ प्रतिशत बढी)<br>• मध्यम (२० देखि ३२ प्रतिशतसम्म)<br>• सामान्य (५ देखि १९ प्रतिशतसम्म) | <br>८<br>६<br>४ | |
| ४.२ | आय आर्जनका वैकल्पिक अवसर वा वृत्ति विकासका अवसर सृजना हुने भएमा सञ्चालित कार्यक्रमबाट तत्काल सृजित रोजगारी बाहेक आय आर्जनका वा वृत्ति विकासका अन्य बैकल्पिक अवसरहरू सृजना हुन सक्ने अवस्था भएमा (जस्तै विभिन्न प्राविधिक तथा सीप विकास सम्बन्धी कार्यक्रमबाट सृजना हुने वृत्ति विकास र बजार विकासका लगायतका कारण सृजित वैकल्पिक अवसर आदि ) | ७ | |
| ४.३ | समान ज्याला दर<br>उपलब्ध रोजगारीमा महिला र पुरुषका लागि समान ज्यालाको सुनिश्चितता भएमा (जस्तै उपसूचक ४.१ अनुसार सृजित रोजगारीमा दिइने पारिश्रमिक आदि) | ५ | |
| **५.०** | **सबै समुदायका महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी** | १० | |
| ५.१ | कार्य सम्पादनमा सहजता र समयको बचत तुरुन्त लाभ हुने तथा महिलाको समय बचत हुने नयाँ प्रविधि, तौर तरिकाको प्रयोगको व्यवस्था भएमा (जस्तै जिविसहरूबाट सम्पादन हुने खानेपानी, सिचाई, निर्माण आदि दिशापिसाव मुक्त क्षेत्र, सुधारिएको चुलो वा घट्ट निर्माण आदि लगायत अन्य विकास निमार्णका कार्य गर्दा त्यसको लैङ्गिक प्रभाव मूल्यांकन आदि । | ४ | |

| क.सं. | प्रमुख सुचक र उपसुचकहरू तथा परीक्षण सुची | अंक भार | प्राताङ्क |
|---|---|---|---|
| ५.२ | परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन परिणाममुखी प्रयास भएमा परम्परागत भूमिका परिवर्तनका लागि निम्नबमोजिमको प्रयास भएमा | ६ | |
| | • विभिन्न क्षेत्रमा परम्परागतरुपमा गरिने श्रम विभाजनभन्दा भिन्न प्रकृतिको कार्यमा (मूल्य तथा स्तर अभिवृद्धि सहित) महिलाहरूको भूमिकामा रुपान्तरण हुने व्यवस्था भएमा (जस्तै समूहका निर्णय तथामा महिला ल्याउने व्यवस्था, नयाँ वृत्ति विकास योजना- सामाजिक परिचालक) | (२) | |
| | • महिलाहरूको अवैतनिक कामको महत्व, घरायसी काममा महिलाको विशेष बोझबारे प्रशिक्षण तथा प्रचार सामग्रीमा छलफल भएमा ) | (२) | |
| | • यस्ता घरायसी काममा पुरुषको सहभागिता अभिवृद्धि गरी सहकार्यको भावनालाई प्रोत्साहन गर्ने सकारात्मक व्यवस्था भएमा | (२) | |

**तालिका ४ : अंकभार र प्राप्ताङ्कको सारांश**

| क.सं. | सुचकाङ्कहरू | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| १ | योजना तर्जुमा तथा कार्यान्वयनमा महिला र अन्य लक्षित समूहको सहभागिता | २० | |
| २ | महिलाहरू र लक्षित समूहको क्षमता अभिवृद्धि | २० | |
| ३ | कार्यक्रममा सबै समुदायका महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | ३० | |
| ४ | सबै समुदायका महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० | |
| ५ | सबै समुदायका महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० | |
| | **जम्मा** | १०० | |
| | लै.उ.तथा स.को तह ( प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ अथवा बजेट कोड १,२ वा ३) | १ | |

**तालिका ५ : लैङ्गिक उत्तरदायी तथा समावेशी कार्यक्रम र बजेटको विश्लेषण**

| क्र.सं. | कार्यक्रम | प्राप्ताङ्क | विश्लेषणको तालिका | | | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा बजेट | बजेट प्रत्यक्ष | बजेट अप्रत्यक्ष | बजेट तटस्थ |
| १ | योजना तर्जुमा तथा कार्यान्वयनमा महिला र अन्य लक्षित समूहको सहभागिता | | | | | |
| २ | महिलाहरू र लक्षित समूहको क्षमता अभिवृद्धि | | | | | |
| ३ | कार्यक्रममा सबै समुदायका महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | | | | | |
| ४ | सबै समुदायका महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | | | | | |
| ५ | सबै समुदायका महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | | | | | |
| | जम्मा | | | | | |
| | प्रतिशत | | | | | |

**प्रत्यक्ष लैगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट बढाउने उपायहरू** (सुझावहरू)

१. योजना तर्जुमा गर्दा लक्षित समूहका सबै वर्गहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चतता गर्नुपर्ने ।

२. अनुगमन कार्यक्रममा महिला वा लैङ्गिक सम्पर्क व्यक्ति वा सरोकारवाला महिला प्रतिनिधिहरूको सहभागिताको सुनिश्चितता गरिनुपर्ने ।

३. क्षमता अभिवृद्धि कार्यक्रममा महिला र लक्षित समूहको सहभागिताको व्यवस्था गोष्ठी, तालिम, सचेतना, सीप विकास आदि कार्यक्रममा ३३ प्रतिशत वा सो भन्दा बढी लक्षित सबै समुदायका महिला सहभागी हुने व्यवस्था गरिनुपर्ने ।

४.योजना तथा कार्यक्रमबाट तत्काल लाभ पाउने सबै समुदायका महिलाको अनुपात ५० प्रतिशत वा सो भन्दा बढी हुने कुरालाई सुनिश्चित गरिएको हुनुपर्ने ।

५.ऐन, नियम, विनियम, कार्यविधि,निर्देशिका आदिलाई लैङ्गिकमैत्री बनाउन तथा कार्यस्थललाई महिला हिंसामुक्त बनाउन पहल गर्नुपर्ने ।

६. महिलाका लागि बच्चालाई स्तनपान गराउने स्थान, महिलामैत्री कार्यालय ले–आउट आदिको व्यवस्था गरिएको हुनुपर्ने ।

७. लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरू बारे जानकारीमूलक सूचना प्रवाहको व्यवस्था, नागरिक बडापत्र, भ्रमण, अभिमूखिकरण तालिम आदि व्यवस्था गरिएको हुनुपर्ने ।

८.महिलाहरूलाई लाभको सुनिश्चिततताका लागि बजेटको सुनिश्चितता लैङ्गिक समानता तथा समता प्रबर्धनका लागि पहिचान भएका कार्यक्रमका लागि पर्याप्त रकम विनियोजन गरिएको हुनुपर्ने ।

९.प्रतिफलमा महिला/पुरुषको भिन्नाभिन्नै विवरण आउने गरी आयोजना/कार्यक्रमको अभिलेख राखिएको हुनुपर्ने ।

१०.मन्त्रालय, विभाग र मातहत निकायको कार्यसम्पादनको वार्षिक प्रगति प्रतिवेदन तथा समीक्षामा लैङ्गिक समानता सम्बन्धमा भएका प्रगतिहरू १ देखि ३.२ बुदाका सूचक तथा उपसूचकहरूमा उल्लेखित सवालहरू सम्बोधन भएको नभएको समीक्षा गरिनुपर्ने ।

११.लैङ्गिक तथा समावेशी समानता सुनिश्चित गर्न विनियोजित बजेट सोही काममा खर्च भए नभएको लेखाजोखा गरिएको हुनुपर्ने ।

१२. समीक्षाबाट आएका सिकाइहरूका आधारमा आगामी वर्षको योजना/बजेट तर्जुमा गरिनुपर्ने र सञ्चालित कार्यक्रमको लैङ्गिक तथा समावेशी परीक्षण, प्रभाव मूल्यांकन गर्ने व्यवस्था भएको हुनुपर्ने ।

१३.विभिन्न प्राविधिक तथा सीप विकास सम्बन्धी कार्यक्रमबाट सृजना हुने वृत्ति विकास र बजार विकासका लगायतका कारण सृजित वैकल्पिक अवसर दिने खालका कार्यक्रमहरू सञ्चालन गरिएको हुनुपर्ने ।

सुचक र उपसुचक अनुसार अंकभार दिने बेला परियोजनाको चक्र जस्तैः योजनातर्जुमा देखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रभाव सम्मको परिकल्पनागरी अपेक्षित उपलब्धतालाई ध्यानमा राखी सरोकारबालाहरूको सहभागितामा अंक भार दिइएको थियो ।

## अनुसुची ४ : कार्यशाला गोष्ठिका तस्वीरहरु




